# अग्रिम करकट्टी रकमको e-TDS गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभागको सूचना

आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा करकट्टी गर्ने एवं सोको e-TDS गरी तोकिएको समयभित्र कर रकम तथा विवरण दाखिला गर्नुपर्ने र करकट्टी भएको रकम करदाताले सो आ.व.मा तिर्नुपर्ने आयकरमा मिलान हुने व्यवस्था रहेको विदितै छ। आ.व. २०७८/७९ देखि भुक्तानी गर्दा अग्रिम करकट्टी गरेको रकम सम्बन्धित व्यक्ति/करदाताको सो वर्षको आय विवरण बमोजिम तिर्नु पर्ने करमा स्वचालित रुपमा मिलान हुने व्यवस्था मिलाइएको छ।

यसको लागि भुक्तानीमा करकट्टी गर्ने करदाता वा निकाय एवं कार्यालयहरुले स्वचालित प्रणाली अर्थात e-TDS को विवरण अनिवार्य रुपमा e-TDS प्रणालीमा प्रविष्टि गर्नु पर्दछ र प्रविष्टि गरे पछि मात्र कर कट्टी हुने व्यक्ति/करदाताले सो वर्षको आय विवरणको अनुसुची १० मार्फत कर मिलान दावी गर्न पाउने हुन्छ। भुक्तानी दिंदा अग्रिम करकट्टी गरेको रकम करकट्टी गर्नेले e-TDS प्रणालीमार्फत Entry नगरेमा करकट्टी गरिएको व्यक्ति/करदाताले आयकरमा मिलान गर्न मिल्दैन।

तसर्थ करदाताको नाममा भुक्तानीका बखत कट्टी भएको रकमको e-TDS को विवरण भुक्तानी गर्ने करदाता वा निकाय एवं कार्यालयहरुबाट समयभित्र प्रविष्टी नहुँदा कर मिलान नहुने, करचुक्ताको प्रमाणपत्र प्राप्त गर्न नसक्ने जस्ता समस्या भएको र सोको गुनासो करदाताहरुबाट यस विभागमा समेत आउने गरेको छ। यस सन्दर्भमा भुक्तानीमा गरिएको अग्रिम आयकर कट्टीको विवरण अनिवार्य रुपमा e-TDS गर्नु गराउनु हुन सम्बन्धित सरोकारवाला सबैमा यो सूचना जारी गरिएको छ।